# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०९/१४ गते

## प्रेस विज्ञप्ति

### विषय: बर्दिबास स्थित कार्यालय भवनको शिलन्यास सम्बन्धमा।

---

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबास महोत्तरीमा यस जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरू, बर्दिबास स्थित कार्यालयका कार्यालय प्रमुखहरू र संचारकर्मीहरू लगायत अन्दाजी १०५ जनाको उपस्थितीमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगालका माननीय प्रमुख आयुक्त श्री दीप बस्न्यातज्यूद्धारा दिउँसो १२:३० बजेको समयमा कार्यालय भवनको शिलन्यास गर्नु भएको थियो। सो पुनित अवसरमा पण्डित, बटुकहरूद्धारा स्वस्ती वाचन गरिएको थियो। उक्त कार्यक्रममा कार्यक्रमको प्रमुख अथितीको आसन ग्रहण अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगालका माननीय प्रमुख आयुक्त श्री दीप बस्न्यातज्यूले गर्नु भएको थियो भने बिशिष्ठ अथितीको आसन ग्रहण अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालका सचिव श्रीमान राजन खनालज्युले गर्नु भयो।

कार्यालय भवन शिलन्यास कार्यक्रमको स्वागत मन्तव्य सहित कार्यालय भवन निर्माण सम्बन्धी प्रतिवेदनमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासलाई प्राप्त हुन आएको जिल्ला महोत्तरी बर्दिबास न.पा. वडा नं. ३ स्थित गौरीडाडामा प्राप्त जग्गा ०-१३-८ (तेह्र कठ्ठा आठ धुर) क्षेत्रफलमा कार्यालय भवन तर्फ दुई तल्ला र प्रहरी भवन तर्फ तीन तल्ला गरी दुई वटा भवन निर्माण हुने। सो दुई भवनको कुल लागत अनुमान रू.१३,९०,६४,१२७/- (तेह्र करोड नब्बे लाख चौसठ्ठी हजार एक सय सत्ताईस रुपैया मात्र) रहेको छ। भवन निर्माण कार्य सुरू भएको दुई बर्ष भित्रको अवधिमा भवन निर्माण कार्य सम्पन्न हुने लक्ष्य राखिएको भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय हेटौडाका कार्यालय प्रमुख सह-सचिव श्री श्यामराज अधिकारीज्यूले पेश गर्नु भएको थियो। कार्यक्रम संचालन अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासका कार्यालय प्रमुख प्रहरी उपरीक्षक श्री सुशील सिंह राठौरज्युले गर्नु भयो।

कार्यक्रममा अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगालका माननीय प्रमुख आयुक्त श्री दीप बस्न्यातज्यू र सचिव श्रीमान राजन खनालज्यूले मन्तव्य दिनु भएको थियो। मन्तव्यको क्रममा अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगालका माननीय प्रमुख आयुक्त श्री दीप बस्न्यातज्यूद्धारा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासको प्रशासकीय भवन शिलान्यासको अवसरमा भवनका लागी आवश्यक सम्पुर्ण भौतिक तथा वित्तिय श्रोत उपलब्ध गराई भ्रष्टाचार नियन्त्रण अभियानमा प्रत्यक्ष/परोक्ष सहयोगको लागी धन्यवाद व्यक्त गर्नु हुँदै भ्रष्टाचार जन्य कार्यको पहिचान, निगरानी एवं नियन्त्रण कार्यमा स्थानीयस्तरको सहभागीता समेत जुटाई सुशासन प्रवर्द्धन गर्ने आयोगको रणनिती अनुरूप भ्रष्टाचार नियन्त्रण गरी मुलुकलाई सुशासन स्थापना गर्नका लागी आयोगको काम कार्वाहीहरूमा प्रदेश नं. २ का नागरिकहरूको पहुँच सहज र सुगम बनाउने उद्देश्यले कार्यालय भवनको शिलान्यास गरिएको बताउनु भएको थियो।

साथै उक्त शिलन्यासको पुनित अवसरमा जिल्ला स्थित र बर्दिबास स्थित विभिन्न कार्यालयहरूबाट पाल्नु भएका कार्यालय प्रमुख/प्रतिनिधिहरूलाई यस कार्यालयको गरिमालाई उच्च राख्ने कार्यमा सहयोग र सदभाव भएकोमा खुशी व्यक्त गर्नु हुँदै भ्रष्टाचार रहित नेपालको परिकल्पनालाई साकार पार्नका लागी आयोगको प्रयासमा सवै सरोकारवालाको सदभाव, सहयोग र सहकार्य सधैं आवश्यक ठान्दै भ्रष्टाचार विरूद्ध आयोगले चाल्ने हरेक पाईलामा साथ दिनका लागी हार्दिक अनुरोध गर्नु हुँदै नेपाली नागरिकले आयोग समक्ष ठुलो आशा र भरोसा राखेको स्मरण गराउनु भैं जन अपेक्षा अनुरूप भ्रष्टाचार नियन्त्रण गरी कानुनी राज्य र सुशासनमा सहयोग पुर्याउने आयोगको परिलक्ष्य अनुरूप आयोग मातहत कार्यरत सवै कर्मचारीहरूले स्वतन्त्र, निष्पक्ष, वस्तुनिष्ठ र निर्भीकरूपले कार्य गर्नु अपरिहार्य रहेको बताउनु भएको थियो। उक्त शिलन्यास कार्यक्रम दिउँसो १३:१५ बजे समापन भएको व्यहोरा सादर अनुरोध छ।

(पदमप्रसाद पाण्डेय)
सहन्यायाधिवक्ता एवं प्रवक्ता